# कचनकवल गाउँपालिका

## गाउँसभाको १७ औं अधिवेशनमा गाउँपालिका उपाध्यक्ष श्री नबराज भट्टराई द्वारा प्रस्तुत आ.ब. २०८२/८३ को बजेट बक्तव्य



२०८२ असार १० गते

१) गाउँसभाका आदरणीय सभाध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यूहरु, गाउँसभाका सचिव ज्यू, राष्ट्रसेवक कर्मचारी तथा संचारकर्मी एवम सुरक्षाकर्मी मित्रहरु, सम्पूर्ण देश विदेशमा रही सामाजिक संजाल मार्फत जोडीनु भएका कचनकवलबासीमा हार्दिक अभिवादन सहित गाउँसभामा उपस्थित सबैमा यस कचनकवल गाउँपालिकाको १७ औं गाउँसभामा हार्दिक स्वागत गर्दछु।

२) कचनकवलका सार्वभौम जनता बाट निर्वाचित यस गाउँसभामा कचनकवल गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्दा गौरवको अनुभूति गरेको छु।

३) यस अवसरमा देशको स्वतन्त्रता, स्वाधीनता, लोकतन्त्र तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नका लागि जीवन उत्सर्ग गर्ने महान शहिदहरु तथा नेपाली राजनीतिका दिवगंत मूर्धन्य राजनेताहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। नेपाली राजनीतिलाई परिवर्तनको उचाईमा पुराउने तथा आर्थिक, राजनीतिक, सामाजिक परिवर्तनको युगान्तकारी नेतृत्वदायी भूमिका निर्वाह गर्ने राजनेताहरु एवं आ-आफ्नो ठाउँबाट योगदान पुर्याउने आमाबुवा, दाजु भाई तथा दिदिबहिनीहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

४) संघियताको कार्यान्वियन संगै देश "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा, कोशी प्रदेशको दिर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" र कचनकवल गाउँपालिकाले लिएको **उत्पादन, रोजगार, पर्यटन र पूर्वाधार : कचनकवल विकास र समृद्धिको आधार** भन्ने लक्ष्य अनुरूप विकास, समृद्धि, सामाजिक न्याय र लोकतान्त्रिक मूल्यमा आधारित समाजवादको दिशामा हामी अघि बढिरहेका छौँ।

५) हामी हाम्रो कार्यकालको उत्तरार्धमा छौँ। भलै समग्र कार्यकालको समीक्षा गर्ने समय त भएको छैन, तर हामी कहाँबाट आएका थियौं भन्ने हामीले बिर्सनुहुन्न। देशको समग्र अवस्था कस्तो थियो, कसरी देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भयो, संविधानसभाबाट संविधान जारी हुँदै संविधान कार्यान्वियनको चरणमा स्थानीय तहहरू बने र स्थानीय तहहरूमा जनप्रतिनिधि हरु निर्वाचित भएर आएपछि समग्र देशको अवस्था कस्तो बन्दै गयो भन्ने विश्लेषण हामी सबैले मनमनबाट गरेकै छौँ।

६) कचनकवललाई पहिले विकास र पूर्वाधार बाट पछाडी परेको क्षेत्रको रुपमा भनेर चिनिन्थ्यो। आधारभूत पूर्वाधारको अभावका कारण धेरै परिवारहरूले बसाइँ सरेर भद्रपुर, बिर्तामोड जस्ता क्षेत्रमा जानुपर्ने बाध्यता थियो। नेपालको होचो भूभागमा अवस्थित कचनकवलमा हरेक वर्षको बाढीले कच्ची सडक भत्काउने गर्थ्यो, जसलाई हरेक वर्ष नविकरण गर्नु पर्थ्यो। १५ किलोमिटर टाढा रहेको क्याम्पस पढ्न समेत विद्यार्थीहरूलाई घरबाट जान आउन असहज भएर कोठा भाडामा लिएर बस्नु पर्ने अवस्था थियो। उपचारको लागि समेत मेची अस्पताल जानुपर्ने बाध्यता थियो।
तर संघियताको कार्यन्वयन संगै विकासले गति लिएको छ। आजको कचनकवल पहिलेको जस्तो छैन। स्थानीय सरकारको निरन्तर प्रयास र जनसहभागिताको फलस्वरूप यहाँका सडकहरू कालोपत्रे र गुणस्तरीय बन्दै गएका छन्। खानेपानीको सेवा विस्तार हुँदैछ, धेरै टोलबस्तीमा सुरक्षित पानीको पहुँच स्थापना भइसकेको छ। स्वास्थ्य सेवामा पनि क्रमिक सुधार आइरहेको छ। बसाइसराइ दर पुरै घटेको छ बसाइँ सरेर गएका नागरिकहरू समेत अहिले फर्किन थालेका समेत छन्।

७) "**उत्पादन, रोजगार, पर्यटन र पूर्वाधार : कचनकवल विकास र समृद्धिको आधार**" भन्ने नाराका साथ प्राथमिकता तय गरेर गाउँपालिकाले सिमित श्रोत साधनलाई उच्चतम प्रयोग गर्दै जनताका अनेकन आकाङक्षा पुरा गर्ने प्रयत्न गरि रहेको छ। प्राप्त उपलब्धहरुले समेत हामी संसारकै उत्कृष्ट शासन व्यवस्थामा काम गरि रहेको प्रमाणित गरेको छ। दिगो विकासको लक्ष्य हासिल गर्न हाम्रो मध्यकालीन खर्च संरचना बमोजिम पालिकाको योजना बैंक निर्माण गरि गरिएका कार्यहरुले '**बन्दैछ कचनकवल**' लाई थप टेवा पुगेको छ।

८) बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्न योजनाहरू छनोटको चरणमा हामीले गर्ने अनेकन विकासका सम्भावनाहरू र त्यसबाट प्राप्त उपलब्धिहरू को सूक्ष्म विश्लेषण गर्दै योजना प्राथमिककरणका मापदण्डहरू तयार गर्यौं। हामीले कचनकवलको सर्वाङ्गिण विकासमा ध्यान पुर्याइरहँदा यहाँको भौगोलिक अवस्था, बसोबासको स्थिति स्थानीय बजार

कचनकवल गाउँपालिका

र ठूला बजारसँगको अन्तर आबद्धता र सामान्जस्यता, आम जनसमुदायको चाहना र तत्कालीन आवश्यकता हरुको हामीले विश्लेषण गर्नैपर्छ ।

कचनकवल गाउँपालिकामा सडक पूर्वाधार सबैभन्दा महत्त्वपूर्ण रहेको र सबै विकासका सम्भावनाहरू पनि सडक पूर्वाधारको भरपर्दो व्यवस्थापन बिना सम्भव प्राय देखिएन । डुबानका कारण वर्षेनी सडकहरू भत्किने र सडकको स्तर उन्नति र मर्मतले मात्रै दिगो समाधान दिन सकेन । वर्षेनी एउटै बाटोमा लगानी गरिरहनुले अन्य विकासका सम्भावनाहरूमा लगानी गर्न समेत वञ्चित गराउने देखियो । कचनकबलको भौगोलिक अवस्था अनुसार यहाँका सडक पक्की र कालोपत्रे बनाउनु दिगो समाधान हुने देखियो । तसर्थ २०८२/८३ को हिउँदे अधिवेशनले समेत सो विषयलाई गम्भीरतापूर्वक विश्लेषण गर्दै आगामी वर्षलाई सडक पूर्वाधारको गौरवको वर्षको रुपमा मनाउने ठहर गर्यो ।

९) **कचनकवल विकासको आधार, कालोपत्रे सहितको सडक पूर्वाधार'** भन्ने नाराका साथ यस आर्थिक बर्षलाई **सडक पूर्वाधारमा गौरवको बर्ष** को रुपमा काम गर्ने हामीले अठोट गर्यौं । विकासका सम्भावनाहरु लाई मुर्तरुप दिन स्थानीय सरकार, प्रदेश सरकार संघिय सरकार संगको सहकार्य अपरिहार्य रहेको छ । कचनकवल भित्रका बहुआयमिक सडकहरु प्राथमिकताका आधारमा सम्भव भए सम्म सबै महत्वपूर्ण सडकहरु कालोपत्रे गर्ने योजना अनुरुप स्थानीय तहले प्रदेश सरकार र संघिय सरकार संग समन्वय गर्यौं । हाम्रो गहिरो अठोट उपर संघिय सरकार र प्रदेश सरकारले दिएको साथ प्रति समग्र कचनकवल बासीको तर्फबाट हार्दिक धन्यबाद समेत ज्ञापन गर्न चाहन्छु । नियमित प्राप्त हुने वित्तीय समानीकरण, समपुरक र विशेष अनुदान बाहेक पनि आगामी आर्थिक बर्षका लागी कचनकवलमा संघीय सरकारबाट करिब ३५ करोड र प्रदेश सरकारबाट करिब १० करोड सडक पूर्वाधारका लागि प्राप्त भएको छ । यो एक ऐतिहासिक उपलब्धि समेत हो । सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली ज्यू, माननीय उपप्रधान तथा अर्थ मन्त्री विष्णु पौडेलज्यू, माननीय उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिंह ज्यू, भौतिक पूर्वाधार मन्त्री माननीय देवेन्द्र दाहालज्यू, राष्ट्रिय सभा सदस्य एवं पुर्व उपप्रधान तथा गृह मन्त्री माननीय कृष्ण सिटौलाज्यू, संघीय सांसद माननीय सुनिता बरालज्यू, पूर्व प्रदेश सभा सदस्य बसन्त बानियाज्यू सहित संघीय सरकारबाट कचनकवल को सपनालाई साकार पार्न साथ सहयोग गर्नुहुने सम्बन्धित सम्पूर्ण जनमा म हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कोशी प्रदेश सरकारका माननीय मुख्यमन्त्री हिक्मत कार्की ज्यू, आर्थिक मामला तथा योजनामन्त्री माननीय राम बा. मगर ज्यू, खानेपानी, सिंचाई तथा ऊर्जामन्त्री माननीय एकराज कार्कीज्यू, भौतिक पूर्वाधार विकास मन्त्री भुपेन्द्र राई ज्यू, राज्यमन्त्री माननीय भूमि राजवंशीज्यू, प्रदेश सभा सदस्य निमसरि राजवंशी प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । बजेटको प्राप्तिसँगै कार्यान्वयनमा समेत यहाँहरूको उच्च सहयोगको अपेक्षा समेत गर्दछु । कचनकवल गाउँपालिका बाट समेत १३ वटा सडक कालोपत्रे हुने गरि बहुबर्षीय योजना अन्तर्गत बजेट विनियोजन गरेको कुरा जानकारी गराउन पाउँदा हर्सित छु ।

१०) सडक पूर्वाधार संगै आर्थिक विकास, अन्य भौतिक पूर्वाधार विकास, सामाजिक विकास, लैंगिक समानता समावेशीकरण, वन तथा वातावरण, विपद् व्यवस्थापन तथा पर्यटन विकास, युवा तथा खेलकुद, कला संस्कृतीको जगेर्ना तथा विकास, सुशासन तथा संस्थागत विकासमा यो बजेटले जोड दिएको छ ।

११) कचनकवल गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशनलाई सम्बोधन गर्दै गर्दा प्रस्तुत बजेट तर्जुमा गर्न प्रत्यक्ष एवं परोक्षरुपमा अमूल्य सुझाव एवं सहयोग पुयाउनु हुने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, संघीय मन्त्रालयहरु, कोशी प्रदेश सरकार, गाउँपालिका अध्यक्ष ज्यू, वडाका अध्यक्ष एवं सदस्यज्यूहरु, सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विषयगत समितिहरु, विषयगत कार्यालय, सुरक्षा निकाय एवं सरकारी कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, नागरिक समाज, आम गाउँबासी र गाउँसभा तयारीको लागि अहोरात्र खटिने गाउपालिकाका सबै कर्मचारीहरु प्रति आभार प्रकट गर्दै कार्यान्वयनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु । सदैव रचनात्मक सल्लाह सुझाव र खबरदारीका लागि समग्र कचनकवलबासी आमा-बुवा, दाजु-भाई तथा दिदि-बहिनि प्रति कृतज्ञता व्यक्त गर्दछु । कचनकवलको सर्वाङ्गीण विकास मार्फत पालिकाबासी समग्र जनसमुदाय हरुको हित र कल्याणका लागि गरिएका प्रतिवद्धता र बचनबद्धता प्रति कटिबद्ध छौं ।

१२) संविधानको अनुसूची ८ को स्थनीय तहको एकल अधिकार र अनुसूची ९ को साझा अधिकारमा रहेका अनुसूचीहरुमा भएका व्यवस्था, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार संचालन ऐन, संघिय सरकार र कोशी प्रदेश सरकारको समय समयमा प्राप्त भएका मार्ग दर्शन र परिपत्र साथै गाउँपालिकाले आयोजना गरेको वजेट सम्बन्धि छलफल कार्यक्रमवाट प्राप्त राय सुझावहरु, सभावाट प्राप्त सुझावहरु, दिर्घकालिन सोचले निर्दिष्ट गरेका विषय वस्तुहरु यस कचनकवल गाउँपालिकाका आम नागरिक, राजनैतिक दल, सामाजिक संघ संस्थाहरु, ७ वडाहरु, संचार माध्यम, पत्रकार, आम वुद्धिजिवी वर्ग, टोल वस्तीहरुवाट आएका विषयवस्तुहरुलाई समेत यो वजेट निर्माण क्रममा आधार लिएर तयार पारेको छु ।

१३) अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा सार-संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।
आजको मिति सम्ममा कुल बजेटको ६४.४६ प्रतिशत खर्च भएको र असार मसान्त सम्म ८०% खर्च हुने अनुमान रहेको छ ।

क) शिक्षा क्षेत्रमा गुणस्तरीय सिकाइ सामग्री, छात्रवृत्ति, ICT अनुदान र शिक्षक तालिमका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिए ।

ख) स्वास्थ्य क्षेत्रमा २७६ गर्भवती महिलालाई निःशुल्क बीमा, HPV खोप अभियान र AI आधारित क्षयरोग स्क्रिनिङ उल्लेखनीय उपलब्धि रहे ।

ग) कृषि क्षेत्रमा उन्नत बीउ, हरियो मल, कृषि यान्त्रीकरण र च्याउ उत्पादनमा अनुदान वितरण गरिएको छ। सामाजिक सुरक्षा भत्ता १३,००० भन्दा बढी लाभग्राहीलाई नियमित रूपमा वितरण गरिएको छ ।

घ) अपांगता भएका व्यक्तिका लागि १००% वित्तीय प्रगति भएका धेरै कार्यक्रम सम्पन्न गरिए । अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम प्रभावकारी ढंगले संचालन गरियो ।

ङ) महिला, बालबालिका र युवा लक्षित कार्यक्रम अन्तर्गत शीघ्र पहिचान, सीप विकास र सामाजिक सहभागिता प्रवर्द्धन गरियो । दुर्व्यसन विरुद्ध आमाहरुलाई सशक्तिकरण गर्न १ हजार बढी आमाहरु संग अन्तरक्रिया गरियो ।

च) सहकारी संस्थाहरूको अनुगमन, मूल्याङ्कन तथा निर्देशनमार्फत सुशासनमा सुधारको प्रयास गरियो ।

छ) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ५७ स्थानीयलाई रोजगारी सिर्जना र १९० जनालाई वैदेशिक रोजगारी परामर्श प्रदान गरियो ।

ज) पूर्वाधार क्षेत्र अन्तर्गत बाटो, खानेपानी तथा भवन निर्माण कार्यमा उल्लेख्य भौतिक प्रगति भएको छ । यस वर्षमात्र ४.५ कि.मी. सडक कालोपत्रे गरियो । २१.४५ कि.मी सडक ग्राभल, ३ वटा कल्भर्ट निर्माण, ३.५ नयाँ ट्र्याक खोल्ने काम सम्पन्न गरियो । ३.५ कि.मी सडक ढलान तथा ३१ कि.मी खानेपानी पाइपलाईन विस्तार गरियो ।

झ) न्यायिक समितिले १३४ वटा उजुरी फछ्यौंट गर्यो । मेलमिलाप कार्यक्रम र कानुनी सचेतना अभियान प्रभावकारी रूपमा सञ्चालन गरियो ।

हाम्रो जस्तो सिमित अन्तरिक श्रोत भएको पालिका र हाम्रा असिमित बिकासका चाहनाहरु लाई प्राथमिकीकरण गर्दै पुरा गर्नु पर्ने जिम्मेवारी तपाई हामी सामु छ । आर्थिक मन्दीका बाबजुत गरिवीको रेखामुनि रहेका कचनकवलबाशीहरु को जीवनमा परिवर्तन ल्याई समतामुलक समाज निर्माण गर्ने अभिभारा हाम्रो सामु छ । ति अभिभाराहरु पुरा गर्न ३ खम्बे अर्थनीति सरकारी, सहकारी र निजि क्षेत्रलाई समेटी बजेटमा समग्र क्षेत्रको सन्तुलनमा विषेश ध्यान दिदै उत्पादन, उत्पादकत्व वृद्धि, रोजगारी सृजना, गुणस्तरीय शिक्षा, सर्वशुलभ स्वस्थ, स्वस्थ्यका लागि खेलकुद, गुणस्तरीय सडक पूर्वाधारको विकाश, पर्यटन प्रवर्धन गर्न, पर्यावरण, अपाङ्गता भएका व्यक्तिकालागि विशेष कार्यक्रम, महिला, बालबालिका तथा युवा लक्षित वर्गका लागि

बजेटमा व्यवस्था गरिएको छ । यस बजेटमा समग्र कचनकवलबासीको हितमा गर्नु पर्ने धैरै कामहरु यस बजेट तथा कार्यक्रम मार्फत समेट्न नसकिएका विषय र क्षेत्रहरुलाई निरन्तर आगामी दिनहरुमा समेट्दै जाने प्रतिवद्धता व्यक्त गर्दछु ।

१४) अब म आ.ब. २०८२/८३ का बजेटका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

- "उत्पादन, रोजगार, पर्यटन र पूर्वाधार : कचनकवल विकास र समृद्धिको आधार" भन्ने नारालाई आत्मसात गर्दै स्रोतको उच्चतम उपयोगमार्फत जनअपेक्षा सम्बोधन गर्ने ।
- बन्दैछ कचनकवल नारालाई थप सार्थकता दिन **सडक पूर्वाधारमा गौरवको बर्ष**को रुपमा योजना संचालन गर्ने
- प्राथमिकतामा सडक, खानेपानी, स्वास्थ्य, शिक्षा, कृषि र सामाजिक समावेशीकरणलाई राखी सेवा प्रवाहमा सुधार ल्याउने ।
- संघ, प्रदेश र स्थानीय स्रोतको समन्वयमा ठूला पूर्वाधार आयोजना अघि बढाउने ।
- गरिबी निवारण, रोजगार सृजना र कृषिको व्यावसायिकरणमा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।
- सुशासन, पारदर्शिता, जवाफदेहिता र प्रविधिमैत्री प्रशासन विकास गर्ने ।
- विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षणमा ध्यान दिने ।
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र विपन्न वर्ग लक्षित कार्यक्रमलाई प्राथमिकता दिने ।

गाउँसभाका आदरणीय सभाध्यक्ष एवं सभा सदस्य ज्यू हरु

१५) अब म संघिय सरकार, कोशी प्रदेश सरकार, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग समेतवाट प्राप्त मार्ग निर्देशन वजेटको परिधि भित्र रहि यस गरिमामय गाउँसभा मार्फत आ.व. २०८२/८३ को लागि चालु तर्फ रु ४२ करोड २८ लाख ७६ हजार ५०७ रुपैया तथा पूँजीगत तर्फ रु २३ करोड ९१ लाख ३ हजार २३ रुपैया समेत कुल रु ६६ करोड १९ लाख ७९ हजार ५३० रुपैया को सीमा भित्र रहि बजेट प्रस्तुत गर्दछु ।

### (क) वित्तीय समानकिरण अनुदान वापत प्राप्त हुने अनुमानित रकम (संघ तथा प्रदेश)

वित्तीय समानीकरण अनुदान निशर्त प्रकृतिको अनुदान भएको र यस शीर्षक अन्तर्गत संघिय सरकार तथा कोशी प्रदेश वाट प्राप्त सम्पुर्ण अनुदानलाई भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास तथा अन्य तोकिए बमोजिमका कार्यक्रम ( पूँजीगत) खर्च तर्फका कार्यहरुका लागि तथा वडाका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न विनियोजन गरेको छु । यस शीर्षक अन्तर्गत संघिय सरकारवाट प्राप्त हुने रु १२ करोड ७६ लाख तथा कोशी प्रदेश सरकारवाट प्राप्त रकम रु १ करोड १८ लाख ९७ हजार गरि जम्मा रु १३ करोड ९४ लाख ९७ हजार वजेट विनियोजन गरेको छु ।

### (ख) समपुरक तथा विशेष अनुदानवाट प्राप्त हुने अनुमानित रकम (संघ र प्रदेश)

यस शीर्षक अन्तर्गत संघिय सरकारको विशेष अनुदान को रकम रु ६९ लाख, समपुरक अनुदान रु ८१ लाख र कोशी प्रदेश सरकारको समपुरक अनुदान मार्फत रकम रु ७५ लाख तोकिए अनुसारको पूँजीगत शीर्षकमा खर्च गर्ने गरी वजेट विनियोजन गरेको छु ।

### (ग) सशर्त अनुदान वापत प्राप्त हुने अनुमानित रकम (संघ र प्रदेश)

यस शीर्षक अन्तर्गत संघिय सरकार बाट तोकिए बमोजिमको योजना तथा कार्यक्रम सम्पन्न गर्न चालु खर्च तर्फ रकम रु २६ करोड ३१ लाख र पूँजीगत खर्च रकम रु १ करोड ३ लाख त्यसै गरि प्रदेश सरकार बाट तोकिए बमोजिमको योजना तथा

कार्यक्रम सम्पन्न गर्न चालु खर्च तर्फ रकम रु २९ लाख ६३ हजार र पूँजीगत खर्च रकम रु ६७ लाख ५० हजार समेत गरि जम्मा प्राप्त हुने अनुमानित रकम रु २८ करोड ३१ लाख १३ हजार तोकि आए बमोजिमको शीर्षकहरुमा खर्च गर्ने गरी व्यवस्था मिलाएको छ ।

**(घ) राजस्व वाँडफाँट बाट प्राप्त हुने अनुदान (संघ र प्रदेश)**

यस शीर्षक अन्तर्गत संघिय सरकारको राजस्व वाँडफाँटवाट प्राप्त हुने अनुमानित अनुदान रु १० करोड ९४ लाख कार्यालयको चाँलु तथा कार्यक्रम तर्फ खर्च गर्ने गरि वजेट विनियोजन गरेको छ । साथै कोशी प्रदेश सरकारको सवारी कर वाँडफाँटवाट प्राप्त हुने अनुदान गत आ.ब.को आधारमा अनुमानित रु ७३ लाख ४ हजार लाई चाँलु तथा पुँजीगत खर्चमा खर्च गर्ने गरि वजेट विनियोजन गरेको छ ।

**(ङ) गाउँपालिका विभिन्न कर तथा स्रोतवाट प्राप्त हुने अनुमानित रकम (आन्तरिक आय)**

यस शीर्षक अन्तर्गत गाउँपालिकाका विभिन्न कर तथा स्रोतहरुवाट प्राप्त हुने अनुमानित गरिएको रकम रु १ करोड ५० लाख प्राप्त हुने अपेक्षा गरेको छ । उक्त शीर्षकवाट प्राप्त हुने रकमलाई चाँलु तथा पूँजीगत शीर्षक एवं कार्यक्रम तर्फ खर्च गर्ने गरी वजेट विनियोजन गरेको छ ।

**(च) नेपाल सरकार, प्रदेश सरकार, दातृ निकाय, विभिन्न संघसंस्था तथा निकायबाट प्राप्त हुने अनुमानित तथा ऋण समेत**

यस शीर्षक अन्तर्गत गाउँ क्षेत्र भित्र संचालन गरिने विभिन्न थप योजना तथा कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक पर्ने रकम नेपाल सरकार, प्रदेश सरकार, विभिन्न दातृ निकाय, विभिन्न संघ संस्था समेतवाट दुवै पक्षको आपसी समझदारी पत्रमा उल्लेख भए बमोजिम कार्य गर्ने गरी प्राप्त हुने अनुमानित अनुदान तथा पालिका संरक्षित कोषबाट खर्च गर्ने गरि विनियोजन गरेको छ ।

१६) सभाध्यक्ष महोदय,

गाउँ सभा सदस्य ज्यूहरु,

अब यस कचनकवल गाउँपालिकाले संचालन गर्ने योजना तथा कार्यक्रमहरु लाई आर्थिक विकास तर्फ कृषि, पर्यटन, रोजगार, उद्योग तथा कलकारखाना, सहकारी, गरिवी न्यूनीकरण सामाजिक विकास तर्फ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, युवा तथा खेलकुद, कला तथा संस्कृति, लैंगिक समानता र सामाजिक समावेशीकरण त्यसै गरि पूर्वाधार तर्फ सडक, पुल तथा कल्भर्ट, विद्युत तथा सिंचाई, भवन, उर्जा वन तथा वातावरण तर्फ वन, भूक्षय तथा कटान नियन्त्रण, फोहोरमैला व्यवस्थापन, जलाधार संरक्षण, विपद् व्यवस्थापन उपशिर्षक रहने गरि बजेट व्यवस्थापन गरेको छ । सुशासन तथा सेवा प्रवाह तर्फ कार्यालय संचालन तथा व्यवस्थापन, न्याय सम्पादन, मानविय विकास, संस्थागत क्षमता विकास, सार्वजनिक सुनुवाइ, प्रविधिको प्रयोग, लेखा परिक्षण त्यसै गरि वडाको पुँजीगत तथा चालु खर्च अनुदान तर्फ वडाहरुको पुँजीगत अनुदानमा रु २५ लाख का दरले वार्डहरुले पुँजीगत खर्च गर्ने गरि बजेट विनियोजन गरेको छ । वार्डहरुको प्रशासनिक कार्यसम्पादनको लागि चालु प्रकृतिका खर्च गर्नका लागी प्रति वार्ड ७ लाखका दरले ४९ लाख चालु खर्च हुने गरि बजेट विनियोजन गरेको छ । साथै वडाका आवश्यक योजनाहरुमा विनियोजन हुने गरि ७० लाख बजेट छुट्याएको छ ।

सभाध्यक्ष महोदय,

गाउँ सभा सदस्य ज्यूहरु,

१७) अब यस कचनकवल गाउँपालिकाको आ.ब. २०८२/८३ को बार्षिक बजेट तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु लाई देहाय अनुसारका शीर्षकहरुमा खर्च गर्ने गरि यस गाउँ सभा समक्ष बजेट विनियोजन गरेको छु ।

१) आर्थिक विकास

समग्र विकासको मेरुदण्डको रुपमा रहेको आर्थिक विकासलाई प्रमुख प्रथमिकताको रुपमा रहेर हाल देखिएको आर्थिक मन्दीलाई सम्बोधन हुने र विपन्न समुदायको समेत आर्थिक उपार्जनमा वृद्धि हुने कार्यक्रमका लागि आर्थिक बिकासमा २ करोड ७१ लाख ७५ हजार बजेट विनियोजन गरेको छु ।

क) कृषि तथा पशु

**कचनकवलको शान : उद्यमशील किसान**को नारालाई सार्थकता दिन कृषि बजारको विकासका लागी केचना कृषि बजारलाई रु १० लाख, बनियानी कृषि उपज बजारलाई रु ६९ लाख विनियोजन गरेको छु । दुध उत्पादनको वृद्धि गर्न नस्ल सुधार कार्यक्रम अन्तर्गत कृतिम गर्भधारण, पाडा प्रवर्धन कार्यक्रम, कृषी विधुतीकरण कार्यक्रम, मकै गोड्ने हलो खरिद तथा वितरण लगायत कृषि तथा कृषि यन्त्रीकरणमा १ करोड ४९ लाख ५० हजार बिनियोजन गरेको छु ।

ख) पर्यटन

नेपालको होचो भूभाग पालिकाको गौरव आयोजना सम्पन्न गरि पर्यटन प्रवर्धन गर्नका लागि बजेटको व्यवस्था गरेको छु ।

कचनकवल स्थम्भ संग करिडोर निर्माण गर्ने गरि चारकोशे जंगल, केचना पोखरी, बडो केचना झिलका लागी बजेट विनियोजन गरेको छु । धार्मिक पर्यटकीय स्थल भुतेश्वोर महादेवको मन्दिरलाई २० लाख, बगान बजारलाई १८ लाख विनियोजन गरेको छु ।

ग) उद्योग तथा रोजगार प्रवर्धनका लागी लघु उद्यम विकास, रोजगार संबाद मंच संचालनकाका लागी १५ लाख २५ हजार बजेट विनियोजन गरेको छु ।

घ) वित्तीय क्षेत्र तर्फ १ करोड ६२ लाख विनियोजन गरेको छु ।

ङ) गरिवी न्यूनीकरणका लागी गरिव घर परिवार परिचय पत्र वितरण कार्यक्रम, गरिब संग स्वास्थ्य बिमा, सामी परियोजना अन्तर्गतका कार्यक्रम संचालन गर्न २५ लाख विनियोजन गरेको छु ।

२) सामाजिक विकास

क) शिक्षा

शिक्षा क्षेत्रलाई थप व्यवस्थित र गुणस्तरीय बनाउन सेवा प्रवेश पेशागत तालिम, स्थनीय पाठ्यक्रम विकास, विद्यालयमा विद्युतीय हाजिरी, शैक्षिक पहुँच सुनिस्चिता कार्यक्रम, निशुल्क पाठ्यपुस्तक वितरण, डिजिटल सिकाई सामग्री, जेहेन्दार विद्यार्थी छात्रवृती लगायातका योजना सहित शैक्षिक क्षेत्रमा २१ करोड ६५ लाख ६० हजार विनियोजन गरेको छु । सामुदायिक विद्यालयमा स्काउट कार्यक्रम संचालनका लागी बजेट विनियोजन गरेको छु । संघिय साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयको भौतिक संरचना सुधारमा ८७ लाख विनियोजन गरेको छु ।

ख) स्वास्थ्य

'सबैको स्वास्थ्य हाम्रो संकल्प, समृद्ध गाउँपालिका हाम्रो लक्ष्य' अनुरुप स्वास्थ्य शिविर संचालन, गम्भीर रोगीलाई नियमित उपचार सहायता, स्वास्थ्य जनचेतना कार्यक्रम, विपन्न नागरिक स्वास्थ्य विमा, गर्भ महिला परिवार स्वास्थ्य विमा, अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य बिमा सहित गुणस्तरीय स्वास्थ्य सेवाका लागी स्वास्थ्य क्षेत्रमा ६ करोड

६ लाख ६५ हजार विनियोजन गरेको छु । १५ शैयाको आधारभुत अस्पताललाई यसै बर्ष देखी संचालनमा ल्याउने व्यवस्था मिलाएको छु ।

ग) खानेपानी तथा सरसफाइ

खानेपानी जडान, खानेपानी तथा सरसफाई साझेदारी कार्यक्रम, विपन्नलाई खानेपानी मिटर वितरण कार्यक्रम लगायतका लागी ४७ लाख विनियोजन गरेको छु ।

घ) युवा तथा खेलकुद

नवयुवाको जोश र ज्ञान: कचनकवलको भविष्यको शान नाराका साथ कचनकवल गोल्डकपका लागी १५ लाख विनियोजन गरेको छु । युवा लक्षित कार्यक्रमका लागी थप बजेट सुनिस्चित गरेको छु ।

ङ) कला तथा संस्कृति

बहुजातीय, बहु साँस्कृतिक विविधता भएको यस पालिकामा विभिन्न भाषा, कला, संस्कृतिको अनुपम मिश्रणको भिन्न समुदायका भाषा कला संस्कृतीको संरक्षण सम्वर्धन र तिनको पहिचान स्थापित गर्न बजेटले यथेस्ट ध्यान दिएको छ । भाषा, कला संस्कृति हाम्रो सम्पतीको संरक्षण सम्बर्धन गर्दै अझ परिस्कृत बनाउन गहिरो अनुभूति भएको छ । बडोझोडा खोला, अदुवा खोला र जमुना खोलामा सबदाहा स्थल तथा मेची नदिमा मलामी विश्राम स्थल निर्माण गर्नका लागी बहुबर्षीय योजनामा २० लाख विनियोजन गरेको छु ।

च) लैंगिक समानता र सामाजिक समावेशीकरण

अपाङ्गता मैत्री भौतिक संरचना निर्माणमा नीति बनाई लागु गर्ने व्यवस्था गरेको छु । अपाङ्गताको क्षेत्रमा कोशी प्रदेश सामाजिक विकास मन्त्रालय, करुणा फाउन्डेसन संग त्रिपक्षिय लागत साझेदारीमा कार्य गर्न ६४ लाख १४ हजार बिनियोजन गरेको छु ।

जेष्ठ नागरिक का अनुभवलाई पुँजीकृत गर्दै समृद्ध पालिका बनाउनका लागि कचनकवल २ मा जेस्ठ नागरिक चौतारा निर्माण, कचनकवल ६ मा जेष्ठ नागरिक भवनका लागी बजेट व्यवस्था गरेको छु ।

बाल मैत्री पालिका घोषणाका लागी यथेष्ठ बजेट व्यवस्था गरेको छु ।

३) पूर्वाधार

क) सडक

कचनकवल गाउँपालिका अन्तर्गतका १३ वटा सडक कालोपत्रे गर्न श्रोत सुनिस्चित गरेको छु । सोका लागी १० करोड बजेट विनियोजन गरेको छु । यस वर्ष कचनकवलमा ४० कि.मी भन्दा बढी सडक कालोपत्रे गर्ने व्यवस्था मिलाएको छु । पालिका स्तरीय आपतकालिन पूर्वाधार निर्माण तथा मर्मत सम्भारकोषको लागी १ करोड विनियोजन गरेको छु । यस बाट जिर्ण रहेका सार्वजनिक सम्पतीको संरक्षण र समर्धनको लागी टेवा र दिगोपन पुग्ने अपेक्षा लिएको छु ।

ख) पुल तथा कल्भर्ट

पालिकाको अन्तरिक श्रोत बाट बिभिन्न ठाउंमा कल्भर्ट निर्माण गर्न १५ लाख विनियोजन गरेको छु । पूर्वाधार विकास अन्तर्गत जम्मा १५ करोड ४६ लाख ४९ हजार बजेट विनियोजन गरेको छु ।

भवन, आवास तथा सहरी विकासमा १२ लाख ५० हजार, पुर्ननिर्माणमा १२ लाख ५० हजार, सम्पदा पूर्वाधारमा १३ लाख ५० हजार विनियोजन गरेको छु ।

४) आपतकालिन प्रकोप तथा विपद व्यवस्थापन लाई २० लाख, उद्धार राहत तथा पुनर्स्थापना ७ लाख विनियोजन गरेको छु ।

५) सुशासन तथा सेवा प्रवाह

कचनकवल गाउँपालिका

क) न्याय सम्पादन
सर्वसुलभ न्याय, व्यवस्थित न्यायिक समिती निर्माणका लागी समुदाय केन्द्रित जनचेतना कार्यक्रम, न्यायिक समितीको कार्यलाई डिजीटल बनाउन कार्य समेतका लागी २५ लाख विनियोजन गरेको छु ।

ख) पालिका स्तरीय मेलमिलाप केन्द्र संचालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

ग) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र एवं कर्मचारी तथा शिक्षक तालिम संचालनका लागी ३४ लाख विनियोजन गरेको छु ।

घ) समुहगत विनियोजन विधेक तथा योजना कार्यक्रम समावेश भएको बजेट किताब उपलब्ध गराउने व्यवस्था मिलाको छु ।

ङ) बेरुजुको बढ्दो दरलाई नियन्त्रण गरि आर्थिक अनुशासनलाई वाञ्छित सिमा भित्र राखी शुन्य बेरुजु अभियानलाई सार्थक बनाउनका निम्ति खटिने कर्मचारीलाई बेरुजु फछर्यौटको आधारमा उचित प्रोत्साहन र पुरस्कारका लागी उचित बजेट व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**
**गाउँसभा सदस्यज्यूहरू,**

यो बजेट मन्तव्य समग्र कचनकवल गाउँपालिकावासीको समृद्धि, सशक्तिकरण र सेवा प्रवाहमा गुणात्मक सुधार ल्याउने उद्देश्यका साथ प्रस्तुत गरिएको छ । उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्दै, समन्वय, पारदर्शिता र सुशासनका आधारमा योजनाहरूको प्रभावकारी कार्यान्वयनमा हामी कटिबद्ध छौं ।

हामीले लिएको "सडक पूर्वाधार, उत्पादन, रोजगार र पर्यटन : कचनकवल विकास र समृद्धिको आधार" भन्ने मार्गदर्शक दृष्टिकोण अन्तर्गत यस बजेटले हाम्रा सामूहिक आकांक्षा साकार पार्ने विश्वास लिएको छु। आगामी दिनहरूमा पनि जनताको विश्वास, सहकार्य र सुझावमार्फत हाम्रो कार्यलाई अझ निखार्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दछु ।

यस सम्मानित गाउँसभाको १७औं अधिवेशनमा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८२/८३ को बजेट मन्तव्यको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, सुरक्षाकर्मी, सञ्चारकर्मी, बुद्धिजीवी वर्ग, संघसंस्था र आम कचनकवलबासीहरूको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दछु । धन्यबाद

नवराज भट्टराई
उपाध्यक्ष, कचनकवल गाउँपालिका

कचनकवल गाउँपालिका